# शितगंगा नगरपालिका

## स्थानीय राजपत्र

**खण्डः १०,** **संख्याः ३,** **मितिः २०८३/०२/१७**


## भाग - २

## शितगंगा नगरपालिका

शितगंगा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कानुन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# शितगंगा नगरपालिकाको उत्कृष्ट कृषक प्रोत्साहन कार्यविधि, २०८३

**प्रस्तावनाः** नेपालको भौगोलिक परिवेशले उपलब्ध गराएको अवसर र आधुनिक कृषि प्रविधिहरुको उपयोग गरी व्यावसायिक कृषिको माध्यमबाट दिगो आर्थिक वृद्धि तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सक्ने सम्भावना रहेको हुँदा पनि न्यून आम्दानीका कारण कृषि क्षेत्र आकर्षक र सम्मानित हुन सकेको छैन तसर्थ कृषि पेशामा पूर्ण रुपमा आबद्ध रही विशिष्ट योगदान पुर्याउँदै आएका कृषकहरुलाई थप प्रोत्साहन गर्न र कृषकको योगदानलाई उच्च सम्मान गरि कृषि पेशालाई सम्मानित, व्यवसायिक र आकर्षक बनाउने कार्य वाञ्छनीय भएकाले, शितगंगा नगरपालिकाद्वारा यो कार्यविधि जारी गरिएको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम "शितगंगा नगरपालिकाको उत्कृष्ट कृषक प्रोत्साहन कार्यविधि, २०८३" रहेकोछ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले शितगंगा नगरपालिकाको उत्कृष्ट कृषक प्रोत्साहन कार्यविधि, २०८३ सम्झनुपर्छ।

(ख) "कार्यक्रम" भन्नाले उत्कृष्ट कृषक सम्मान पुरस्कार कार्यक्रम सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले शितगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(घ) "न्यूनतम योग्यता" भन्नाले यसै कार्यविधिको अनुसूची २ र अनुसूची ३ मा उल्लेख भएको उत्कृष्ट कृषक प्रोत्साहन कार्यक्रममा सहभागिताका लागि तोकिएको न्यूनतम मापदण्ड सम्झनुपर्छ।

(ङ) "नगरपालिका" भन्नाले शितगंगा नगरपालिकालाई सम्झनुपर्छ।

(च) "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ।

(छ) "सम्बन्धित शाखा" भन्नाले शितगंगा नगरपालिकाको कृषि विकास र पशु सेवा शाखालाई सम्झनुपर्छ।

(ज) "कृषि पेशा" भन्नाले कृषि र पशुपालन दुबै पेशालाई सम्झनु पर्दछ।

**३. उद्देश्यहरु :** यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) कृषकको योगदानलाई सम्मान गर्दै कृषि पेशालाई समाजको आकर्षक एवम् सम्मानिन पेशाको रुपमा स्थापित गर्न सहयोग पुर्याउने।

(ख) कृषकहरुको मनोबल उच्च राख्न सहयोग पुर्याउने।

(ग) कृषक समुदायमा स्वस्थ प्रतिस्पर्धाको भावना विकास गरी कृषि पेशालाई व्यावसायी बनाउन सहयोग पुर्याउने।

(घ) युवालाई कृषि पेशा तर्फ आकर्षित गर्न सहयोग पुरयाउने।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन प्रकृया सम्बन्धी व्यवस्था

**४. उत्कृष्ट कृषक छनौट विधि :** यस कार्यक्रम अन्तर्गत उत्कृष्ट कृषकको छनौट देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रममा सहभागी हुनको लागि सम्बन्धित शाखाले अनुसूची १ बमोजिम सूचना प्रकाशन गर्नेछ।

(ख) कार्यक्रममा अनुसूची २ वा ३ अनुसारको मापदण्ड पूरा गरेका बाली/ पशुपन्छीको लागि कृषकहरुले अनुसूची ४ अनुसारको निवेदन तथा अनुसुची ५ भरी तोकिएको शाखामा समय सीमा भित्र पेश गर्नुपर्नेछ।

(ग) निवेदन पेश गर्ने अवधि समाप्त भएको मितिले १५ दिनभित्र सम्बन्धित शाखाले उत्कृष्ट पुरस्कारका लागि योग्य कृषकहरु छनौटको लागी सम्पूर्ण कागजात सहित समितिमा पेश गर्नुपर्नेछ।

(घ) समितिमा प्राप्त भएका विवरणहरु एकीकृत गरी मूल्याङ्कनको लागि बुँदा ८ को (ख) बमोजिमका अनुगमन तथा मुल्याङ्कन समितिलाई जिम्मा दिने र उक्त समितिले अनुसूची ६ बमोजिम मूल्याङ्कनका आधारहरुमा उत्कृष्ट कृषक छनौट गरी कार्यक्रम कार्यान्वयन समितिमा सिफारिस गर्नेछ।

**५. उत्कृष्ट कृषकको घोषणा र पुरस्कार बितरण :** (क) सम्बन्धित मुल्याङ्कन समितिको प्रतिवेदनका आधारमा उत्कृष्ट कृषक घोषणा हुने किसानलाई सम्बन्धित समितिले पुरस्कृत गर्नेछ।

(ख) उत्कृष्ट कृषक पुरस्कार पाउने कृषकहरुको अभिलेख सम्बन्धित शाखामा अद्यावधिक गर्नुपर्नेछ।

(ग) एक पटक कुनै विधामा उत्कृष्ट ठहर भएका कृषक सोही विधामा सोही समयमा पुरस्कारका लागि शाखाबाट सिफारिस गरिने छैन तर फरक विधामा सिफारिस गर्न बाधा पर्नेछैन।

(घ) उत्कृष्ट कृषक पुरस्कार एवम् सम्मान गर्न आवश्यक पर्ने बजेट रकम नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरि व्यवस्था गर्नुपर्ने छ।

(ङ) उत्कृष्ट कृषक पुरस्कारबाट सम्मानित हुने कृषकहरुलाई जानकारी गराई पुरस्कार एवम् सम्मान समारोहमा प्रस्तुती सहित उपस्थितिको लागि नगरपालिकाले आमन्त्रणको व्यवस्था गर्नेछ।

(च) पुरस्कृत हुने कृषकहरुको विवरण नगरपालिकाले सूचना प्रकाशन गर्नेछ।

**६. पुरस्कारको विधा र रकमः** पुरस्कारको विधा र रकम अनुसूची ७ बमोजिम हुनेछ।

## परिच्छेद ३
## समितिसम्बन्धी व्यवस्था

**७. समिति गठन हुने :** (क) कार्यक्रम कार्यान्वयन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ।

| | |
|---|---|
| (अ) नगर प्रमुख | संयोजक |
| (आ) नगर उपप्रमुख | सदस्य |
| (इ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ई) आर्थिक विकास समिति संयोजक | सदस्य |
| (उ) कृषि विकास शाखा प्रमुख | सदस्य |
| (ऊ) पशु सेवा शाखा प्रमुख | सदस्य |
| (ए) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |

नोटः शाखासँग सम्बन्धित शाखा प्रमुख सदस्य सचिव रहने छन् तथा आवश्यकताको आधारमा समितिले सम्बन्धित विषयको विषय विषेशज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(ख) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(अ) उत्कृष्ट कृषक मूल्याङ्कन तथा छनौट समितिलाई आवश्यक निर्देशन दिने

(आ) उत्कृष्ट कृषक मूल्याङ्कन तथा छनौट समितिका क्रियाकलापहरुको अनुगमन र निरीक्षण गर्ने

(इ) उत्कृष्ट कृषक मूल्याङ्कन तथा छनौट प्रकृयामा आइपर्ने समस्याहरुको समाधान गर्ने

(ई) आगामी वर्षमा निरन्तरता वा विस्तारका लागि आवश्यक निर्णय गर्ने

(उ) तोकिए बमोजिमका अन्य काम गर्ने।

(ग) आवेदन मूल्याङ्कन तथा छनौट : उत्कृष्ट कृषक मूल्याङ्कन तथा छनौट समिति देहाय बमोजिम हुनेछ।

| | |
|---|---|
| (अ) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (आ) कृषि विकास शाखा प्रमुख | सदस्य |

(इ) पशु सेवा शाखा प्रमुख सदस्य

नोट :- सम्बन्धित शाखा प्रमुख सदस्य सचिव रहने छन्। समितिले सम्बन्धित शाखाबाट एक/एक जना प्राविधिक कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ।

(घ) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(अ) कृषकहरुबाट पेश भएका आवेदन मूल्याङ्कन गरी निर्देशक समितिमा सिफारिस गर्ने।

(आ) प्राप्त आवेदनहरुको स्थलगत अध्ययन, अवलोकन द्वारा प्राविधिक र आर्थिक पक्षको विश्लेषण गर्ने।

(इ) समितिले समग्र विषय वस्तुको अध्ययन एवम् विश्लेषण गरी निर्देशक समितिबाट निर्णय भएपछि उपयुक्त आवेदनहरुको योग्यताक्रम सूची तयार गरी अन्तिम सूची प्रकाशन गर्नेछ।

**८. उत्कृष्ट कृषक घोषणा एवम् सम्मान तथा पुरस्कार वितरणः**

(क) उत्कृष्ट कृषक मूल्याङ्कन तथा छनौट समितिको प्रतिवेदनको आधारमा निर्देशक समितिले फरक फरक विधा वा एकै बिधाका उत्कृष्ट कृषकको घोषणा गर्नेछ। साथै सम्मान एवम् पुरस्कार वितरण कार्यक्रमको आयोजना गरी नगद र प्रमाण प्रत्र सहित सम्मान गरिनेछ।

(ख) बुँदा नं. ८(क) बमोजिम सम्मानित हुने उत्कृष्ट कृषक पुरस्कार वितरण तथा सम्मान कार्यक्रममा उपस्थितिका लागि आमन्त्रणको व्यवस्था गर्नेछ।

(ग) बुँदा नं. ८(क) बमोजिम सम्मानित हुने कृषकहरुको विवरण शाखाले अध्यावधिक गर्नु पर्नेछ।

**९. अनुगमन तथा मूल्याङ्कन :** उत्कृष्ट कृषक प्रोत्साहन कार्यक्रम कार्यान्वयनका क्रममा तथा कार्यक्रमको प्रभावकारिता अध्ययनका लागि आवश्यकता अनुसार आर्थिक विकास समितिले अनुगमन गर्न सक्नेछ।

**१०. बाधा नपर्ने :** अन्य पालिकाबाट आई ठुलो परिमाणमा बाँझो जग्गामा व्यवसायिक रुपमा कृषि गर्ने कृषकलाई सम्मान गर्न यस कार्यविधिले बाधा पारेको मानिने छैन।

## परिच्छेद ४

## विविध

**११. पुरस्कार तथा कार्वाहीको व्यवस्था :** झुटा विवरण पेश गरी पुरस्कार एवम् सम्मान प्राप्त गरेको पाइएमा प्रचलित कानून बमोजिम कार्वाही गरी सरकारी सेवा सुविधा नदिने गरी कालो सूचीमा राखिनेछ।

**१२. अमान्य हुनेः** यस कार्यबिधिमा भएका व्यवस्था विषयहरु प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**१३. वाधा अड्काउ फुकाउने :**

(क) यस कार्यबिधिमा उल्लिखित विषयबस्तुका सम्बन्धमा कुनै अस्पष्टता भएमा सोको व्याख्या कार्यालयले गरे बमोजिम हुनेछ।

(ख) यस कार्यबिधिलाई आवश्यकता अनुसार कार्यालयले संशोधन/ परिमार्जन गर्न सक्नेछ।

(ग) कार्यविधि कार्यान्वय गर्न कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार निर्देशक समितिको हुनेछ।

## अनुसूची १
## (बुँदा नं. ४ (क) संग सम्बन्धित)
## प्रस्ताव आह्वानको सूचनाको ढाँचा

प्रथम पटक प्रकाशित मिति २०..../..../...

यस नगरपालिकाको आ.व. २०......... को स्वीकृत बार्षिक कार्यक्रम अनुसार उत्कृष्ट कृषक सम्मान पुरस्कार कार्यक्रममा सहभागि हुन ईच्छुक मापदण्ड पुगेका कृषकहरुले यो सूचना प्रकाशित भएको मितिको १५ दिन भित्र कार्यालय समय भित्र आवेदन दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ। निवेदनका साथ संलग्न हुनु पर्ने फारम, न्यूनतम मापदण्ड लगायतका थप जानकारीका लागि कृषि विकास/ पशु सेवा शाखा मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**आवश्यक कागजातहरु :**

१. सम्बन्धित निकायमा फर्म दर्ता/ नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि।

२. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

३. स्थायी लेखा नं प्रमाण पत्रको प्रतिलिपि।

४. गत आ. ब. सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

५. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।

६. जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि।

७. भाडामा लिएको हकमा कम्तिमा पाँच वर्षको सम्झौता पत्रको प्रतिलिपि।

८. कार्यालयले तोकेको अन्य कागजातहरु।

## अनुसूची २

## (बुँदा नं. ४ (ख) संग सम्बन्धित)

## न्यूनतम मापदण्ड (कृषि विकास)

| क्र.स. | बालीको नाम | न्यूनतम क्षेत्रफल/सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | खाद्यान्न, दलहन, तेलहन | २० रोपनी | |
| २ | तरकारी, मसला बाली | ५ रोपनी (प्लास्टिक हाउस १ रोपनी) | |
| ३ | च्याउ | ५०० वल्व | |
| ४ | फलफूल वा चिया/ कफि | ५ रोपनी | |
| ५ | मौरीपालन | ५० घार | |
| ६ | बिउ उत्पादन | १ रोपनी | |
| ७ | पुष्प खेति | २ रोपनी | |
| ८ | नर्सरी | १ रोपनी | |

नोटः उपरोक्त बाहेक कुनै कृषकले थप कुनै नयाँ व्यवसाय गरेको छ भने थप आधारहरु तय गर्नु परेमा निर्देशक समितिबाट उपयुक्त थप मापदण्ड निर्धारण गर्न सकिनेछ र सो को पुष्ट्याई संलग्न राखी निर्णय गर्नुपर्नेछ।

## अनुसूची ३

### (बुँदा नं. ४ (ख) संग सम्बन्धित)

### न्यूनतम मापदण्ड (पशुपंछी तथा मत्स्यपालन)

| क्र.सं. | बस्तु | संख्या (न्युनतम) | कैफयत |
|---|---|---|---|
| १ | माउ गाई/ भैंसी/ पाडा | १० उन्नत | |
| २ | माउ भेडा/ बाख्रा | ५० | |
| ३ | माउ बंगुर | २० | |
| ४ | लोकल कुखुरा/ हाँस/ कालिज/ बट्टाइ लगायतका पंक्षीहरु | २०० | |
| ५ | घाँस खेति | १० रोपनी | |
| ६ | मत्स्य पालन/ अन्य जलिय जिव | ५ रोपनीमा पोखरी | |
| ७ | दुध | वार्षिक ५००० ली. | |

नोटः उपरोक्त बाहेक कुनै कृषकले थप कुनै नयाँ व्यवसाय गरेको छ भने थप आधारहरु तय गर्नु परेमा निर्देशक समितिबाट उपयुक्त थप मापदण्ड निर्धारण गर्न सकिनेछ र सो को पुष्ट्याई संलग्न राखी निर्णय गर्नुपर्नेछ।

## अनुसूची-४
## (बुँदा नं. ४ (ख) संग सम्बन्धित)
## कृषकले पेश गर्नुपर्ने निवेदनको ढाँचा

मिति :

श्री .... नं. वडा कार्यालय मार्फत,
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
शितगंगा नगरपालिका।

विषय : कार्यक्रममा सहभागी हुन पाऊँ।

महोदय,

उपरोक्त सम्बन्धमा मिति ........................ गतेको तहाँ कार्यालयको सार्बजनिक सूचना अनुसारको कार्यक्रममा सहभागी हुन म ...............................कृषक/ ब्यवसायीले अनुसूची ५ अनुसारको फारम भरी यो आवेदन पेश गरेको छु।

निवेदक

दस्तखत :
नाम, थर :
ठेगाना :
समूह/सहकारी/फर्मको नाम :.
सम्पर्क नं. :
मिति :
समूह/सहकारी/फर्मको छाप

## अनुसूची ५
## (बुँदा ४ (ख) संग सम्बन्धित)
## कृषकले निवेदन संगै पेश गर्नुपर्ने विवरण

१. कार्यक्रममा सहभागी हुने कृषकको नामः

२. कृषक समूह/सहकारी / फर्मको नामः

३. जन्म स्थान र जन्म मितिः

४. सहभागीको स्थायी ठेगानाः

५. पत्राचार ठेगानाः

**६. श्रोत साधनको विवरणः**

| क.सं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| क | कुल जग्गाको क्षेत्रफल (ठेक्कामा लिएको जग्गा समेत) | | |
| ख | कुल खेती गरिएको क्षेत्रफल | | |
| ग | पशुपालनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल | | |
| घ | सिंचित जग्गाको क्षेत्रफल | | |
| ङ | कृषि यन्त्र उपकरणहरुको विवरण तथा अवस्था | | |
| च | अन्य | | |

**७. खेती गरिएको बालीको क्षेत्रफल तथा उत्पादन विवरण**

| क.सं. | बिवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| **क** | **खाद्यान्न बाली** | | | |
| अ | धान | | | |
| आ | मकै | | | |
| इ | गहुँ | | | |
| ई | कोदो | | | |
| उ | जौ | | | |
| ऊ | फापर | | | |
| **ख** | **दलहन** | | | |
| **ग** | **तेलहन** | | | |

| | | | | |
|---|---|---|---|---|
| अ | रायो, तोरी, सर्स्यू, सूर्यमुखी | | | |
| आ | तिल, आलस | | | |
| **घ** | **तरकारी बाली** | | | |
| **ङ** | **मसला बाली** | | | |
| अ | प्याज, लसुन, खुर्सानी | | | |
| आ | अदुवा, बेसार | | | |
| **च** | फलफुल बाली | | | |
| अ | आँप, लिची | | | |
| आ | केरा | | | |
| इ | कागती | | | |
| ई | ड्रायगन फ्रुट | | | |
| उ | स्ट्रबेरी | | | |
| **छ** | कफि, चिया | | | |
| **ज** | मौरीपालन | | | |
| अ | स्थानीय (मुडे घार) | | | |
| २ | आधुनिक घार (सेरेना मौरी) | | | |
| झ | अन्य (स्थान विशेष बाली) | | | |
| ञ | नर्सरी | | | |

## ८. पशुपन्छी पालन तथा उत्पादन विवरण

| क्र.सं. | विवरण | इकाई | परिमाण | उत्पादन के.जी. लिटर/मे.टन/गोटा |
|---|---|---|---|---|
| १ | गाई | संख्या | | |
| २ | भैसी | संख्या | | |
| ३ | बाख्रा | संख्या | | |
| ४ | भेडा | संख्या | | |
| ५ | बंगुर | संख्या | | |
| ६ | मत्स्य पोखरी | संख्या | | |
| ७ | घाँस खेती | रोपनी | | |
| ८ | लोकल कुखुरा | संख्या | | |
| ९ | दुध | लि. | | |

## ९. सेवा तथा संस्थागत पहुँच सम्बन्धि विवरण

| सि.नं. | सेवा तथा संस्थागत पहुँच | अति उत्तम | उत्तम | सामान्य | नभएको |
|---|---|---|---|---|---|
| १ | विकास कार्यालयसंग सम्पर्क/ समन्वय स्थिति | | | | |
| २ | कृषि ऋण श्रोत एवं पहुँच | | | | |
| ३ | बाली तथा पशुधन बीमा | | | | |
| ४ | कार्यक्रम आयोजनाबाट परियोजना प्राप्ति | | | | |
| ५ | प्राविधिकसंगको सम्पर्क स्थिति | | | | |

## १०. कृषि पेशामा संलग्न कामदारहरुको विवरण

| क्र.सं. | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १ | खेती कार्यमा | | | |
| २ | पशुपालन कार्य | | | |
| ३ | पन्छीपालन कार्य | | | |
| ४ | प्रशोधन तथा बजारीकरण कार्य | | | |

## ११. कृषि व्यवसायमा लगानी स्थिति

| क्र.सं. | सेवा तथा संस्थागत पहुंच | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | जम्मा खेती खर्च | | |
| २ | जम्मा पशुपालन खर्च | | |
| ३ | जम्मा पन्छी पालन खर्च | | |
| ४ | जम्मा कृषि औजार उपकरण खरिद खर्च | | |
| ५ | अन्य कृषि खर्च | | |
| ६ | कुल जम्मा खर्च | | |

## १२. व्यवसायमा भएको लगानीको स्रोत

| क्र.सं. | लगानीको स्रोत | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | कृषि विकास बैंकबाट लिएको ऋण रकम रु. | | |
| २ | अन्य विकास बैङ्क तथा वित्तिय संस्था बाट लिएको ऋण रकम रु. | | |
| ३ | समूह/ सहकारीबाट लिएको ऋण रकम | | |
| ४ | साहुबाट लिएको ऋण रकम | | |
| ५ | छिमेकीबाट लिएको ऋण रकम | | |

| | | | |
|---|---|---|---|
| ६ | आफ्नै आम्दानीबाट व्यहोरिएको रकम जम्मा | | |
| | जम्मा रकम रु. | | |

## १३. कृषि पेशाबाट बार्षिक पारिवारिक आम्दानी स्थिति

| क्र.सं. | सेवा तथा संस्थागत पहुँच | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | खेती कार्यबाट | | |
| २ | पशुपालन बाट | | |
| ३ | पन्छी पालनबाट | | |
| ४ | कृषि उपजको बजारीकरणबाट | | |
| ५ | कुल जम्मा आम्दानी | | |

## १४. निम्न बिषयमा सहभागी कृषक दक्षता

| **क्र.सं.** | **बिबरण** | **अवस्था** |
|---|---|---|
| १ | प्रबिधि उपयोग तथा अनुसरण (भएको / नभएको) | |
| २ | श्रोत साधनको अधिकतम सदुपयोग (भएको / नभएको) | |
| ३ | प्रबिधि बिस्तारमा योगदान (भएको / नभएको) | |
| ४ | भकारो एवंम गोठ सुधार (गरेको / नगरेको) | |
| ५ | उत्पादन लागत तथा प्रतिफल सम्बन्धी रेकार्ड व्यवस्थापन (गरेको / नगरेको) | |
| ६ | कुनै किसिमको पुरस्कार प्राप्त (गरेको / नगरेको) | |
| ७ | नविन प्रबिधिको विकास (गरेको / नगरेको) | |
| ८ | पशुपालन ब्यवसायमा नयाँ प्रबिधिको प्रयोग (गरेको/नगरेको | |
| ९ | बिमा (गरेको / नगरेको) | |
| १० | संक्रामक रोग बिरुद्ध नियमित खोप (लगाएको / नलगाएको | |
| ११ | जैबिक सुरक्षाको प्रबन्ध (गरेको / नगरेको) | |
| १२ | रोजगारी श्रृजना (गरेको / नगरेको) | |

१५. नयाँ कृषि प्रविधिको विकास

१६. खेती/पशुपालन प्रणालीमा अपनाईएको नयाँ प्रविधिहरुको विवरण

१७. कृषि व्यवसाय एवं प्रविधिहरुको विस्तृतीकरण (कुनै भएमा)

१८. कृषि व्यवसाय प्रवर्द्धनका भावी योजना (कुनै भएमा)

१९. कृषकको सफलताको कथा (बढीमा १०० शब्दमा नबढ्ने गरि)

## अनुसूची ६

### (बुँदा नं. ४ (घ) संग सम्बन्धित)

### कृषकले पेश गरेको निवेदन फारमको मूल्यांकनका आधारहरु

| क्र.सं. | निवेदन फारम मूल्याङ्कन मापदण्ड | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | स्रोत साधनको स्थिति एव सदुपयोग | १० | | |
| २ | स्थानिय समुदायमा कार्य अनुभवको आदान प्रदान एवं योगदान | २० | | |
| ३ | उत्पादन स्थिति | १५ | | |
| ४ | सेवा तथा संस्थागत पहुँच | ५ | | |
| ५ | रोजगारी सृजनाको स्थिति | १० | | |
| ६ | कृषि व्यवसायमा गरेको आर्थिक लगानी स्थिति | ५ | | |
| ७ | कृषि व्यवसायबाट प्राप्त आम्दानी एवं प्रतिफल स्थिति | १० | | |
| ८ | कृषि/पशु विकास कार्यालय एवं प्राविधिकसँगको सम्पर्क स्थिति | ५ | | |
| ९ | प्राविधिक ज्ञान सीपबारे जानकारी एवं प्रयोग स्थिति | १० | | |
| १० | कृषि व्यवसायको दिगोपना स्थिति | १० | | |
| | जम्मा | १०० | | |

## अनुसूची ७

### (बुँदा नं. ६ सँग सम्बन्धित)

### पुरस्कारको विधा र रकम

| पुरस्कारको विधा | पुरस्कार रकम रु. | कैफियत |
|---|---|---|
| • खाद्यान्न, दलहन, तेलहन बाली<br>• तरकारी, आलु तथा मसला बाली<br>• फलफूल, पुष्प खेती, नर्सरी, बीउ उत्पादन<br>• पशुपन्छी, घाँसखेती, माछापालन<br>• च्याउ खेती, मौरी पालन | ➢ प्रथम रु. १५,०००/-<br>➢ द्वितिय रु. १०,०००/-<br>➢ तृतीय रु. ७,०००/- | |

**प्रमाणिकरण मिति २०८३/०२/१७**

**आज्ञाले**
**कृष्ण प्रसाद सापकोटा**
**प्रमुख प्रशासकिय अधिकृत**